**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**माननीय न्यायाधीश श्री नहकुल सुवेदी**

**आदेश**

**०७७-WO-०४२४**

**विषयः उत्प्रेषणयुक्त परमादेशसमेत।**

खिल प्रसाद सिग्देलको छोरी राम प्रसाद ढुंगानाको पत्नी जिल्ला सिन्धुपाल्चोक, सिन्धुकोट गा.बि.स. वडा न. १ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.७ बस्ने वर्ष ४३ कि बिमला ढुंगाना ........................................................................१

हरि प्रसाद सिंखडाको छोरा जिल्ला काठमाडौं साबिक नयाँपाटी गा.बि.स. वडा न.१ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.७ बस्ने वर्ष ५४ को जयराम सिंखडा ........................................................................१

नारीका ढकालको छोरी बिष्णु प्रसाद ढुंगानाको पत्नी जिल्ला काठमाडौं साबिक गागलफेदी - गा.बि.स. वडा न.९ हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने वर्ष ५३ कि नर्बदा ढकाल ढुंगाना ........................................................................१ **रिट निवेदक**

जिल्ला पर्सा बिरगन्ज गा.बि.स. वडा न.६ हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने रबि बिक्रम र शाह को छोरा वर्ष ६५ को फलेन्द्र बिक्रम शाह ....................१

जिल्ला झापा लखनपुरगा.बि.स.वडा न.८ घरभई हालका.जि.का.म.न.पा. वडा न.७ बस्ने बिष्णुलालमैनाली को छोरी डिल्ली प्रसाद संग्रौलाको पत्नी वर्ष ६३ कि पवित्रादेबी संग्रौला ........................................................................१

का.जि.,का.म.न.पा. वडा न.७ बस्ने जनक प्रसाद न्यौपानेको छोरी सिताराम ढुंगानाको पत्नी वर्ष ४५ कि जयन्ती देवी ढुंगाना ........................................१

का.जि.का.म.न.पा. वडा न.८ बस्ने कान्छा महर्जनको छोरी बाबुलाल संगत को पत्नी वर्ष ५७ कि रमा संगत ...................................................................१

जिल्ला काभ्रेपलाञ्चोक भुमेडाडा गा.बि.स. वडा न.३ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने रामगोपाल जंग के.सी. को छोरा वर्ष ४७ को रामेश्वोर जंग के.सी ...................................................................१

जिल्ला मोरङ बिराटनगर उ.म.न.पा. वडा १२ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने बिष्णु प्रसाद घिमिरेको छोरा वर्ष ५१ को आनन्द घिमिरे ........१

का.जि.का.म.न.पा. वडा न.७ लिलानाथ पोरनेल को छोरी कृष्ण प्रसाद ओझाको पत्नी वर्ष ७६ कि ज्ञान कुमारी ओझा. जिल्ला मोरङ मधुमल्ला गा.बि.स. एअदा न.८ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने घंकुमार गौतमको छोरी वर्ष ५१ कि मिरा गौतम ...................................................................१

जिल्ला रौतहट परेतवा गा.बि.स. वडा न.५ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने इन्द्र बहादुर गिरीको छोरा वर्ष ५२ को अरुण कुमार गिरी ...............१

का.जि.का.म.न.पा.वडा न.७ बस्ने सडानन्द सिक्देलको छोरा वर्ष ४५ को बलराम सिक्देल ...................................................................१

का.जि.का.म.न.पा. वडा न.८ हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने भारत संगत को छोरी अर्जुन महर्जन को पत्नी वर्ष ३८ कि लक्ष्मी महर्जन..........................१

जिल्ला झापा अनारमनी गा.बि.स. वडा न.२ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने गंगा बहादुर पुरीको छोरी वर्ष ४९ कि मनुमया पुरी .....................१

का.जि.का.म.न.पा. वडा न.७ सिताराम ढुंगाना को छोरा वर्ष २५ को सुरज ढुंगाना ...................................................................१

जिल्ला भक्तपुर भक्तपुर उ.प.न.मा. वडा न.८ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने कृष्णमान कर्मचार्य को छोरा वर्ष ५९ को श्रीमान कर्मचार्य...................................................................१

जिल्ला भक्तपुर भक्तपुर न.पा. वडा न.८ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने जगतलाल घौगोडा को छोरीजयप्रकास कर्माचार्य को पत्नी वर्ष ६२ कि रत्न देबी कर्मचार्य...................................................................१

का.जि.का.म.न.पा.वडा न.७ बस्ने मानसिंह अधिकारीकी छोरी वर्ष ५१ कि मन्जुला अधिकारी...................................................................१

जिल्ला सिन्धुपाल्चोक सिन्धुकोट गा.बि.स. वडा न.५ घर भइ हाल का.जि.का.म.न.पा. वडा न.७ बस्मे टेकनाथ भट्टराई को छोरी वर्ष ५५ कि जमुना

कोइराला.......................................................................................................
.......................................................................................................१
जिल्ला मोरङ बिराटनगर उ.प.न.मा. वडा न.१२ घर भई का.जि.का.म.न.पा. वडा न.७ बस्ने बिष्णु प्रसाद घिमिरे को छोरा वर्ष ३९ को अमृत घिमिरे................१

का.जि.का.म.न.पा. वडा न.७ बस्ने वर्ष ५९ कि बालकुमारी भट्टराई .............१

जिल्ला काभ्रेपलाञ्चोक फुलबारी गा.बि.स. वडा न.१ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने डिल्ली प्रसाद प्याकुरेलको छोरा वर्ष ५३ को राम प्रसाद प्याकुरेल.......................................................................................................
.......................................................................................................१

जिल्ला ललितपुर ललितपुर न.पा. वडा न.५ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने यमहर्ष बहादुर श्रेष्ठ को छोरा वर्ष ५४ को भक्त बहादुर श्रेष्ठ..........१

जिल्ला चितवन चैनपुर गा.बि.स. वडा न.८ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने यमनाथ शर्मा मिश्र को छोरा वर्ष ६० को बाबुराम मिश्र...............१

का.जि.का.म.न.पा. वडा न.८ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने पूर्ण बिर संगत को छोरा वर्ष ५९ को बाबुलाल संगत ........................................१

जिल्ला मोरङ पथरी गा.बि.स. वडा न.१ घर भई हाल का.जि.का.म.न.पा. वडा, न.७ बस्ने बिर बहादुर बस्नेतको छोरा वर्ष ५३ को पुष्प बस्नेत .................१

का.जि.का.म.न.पा. वडा न.७ बस्ने भक्त बहादुर बस्नेतको छोरा वर्ष ५५ को मोहत कुमार बस्नेत.......................................................................................................
.......................................................................................................१

का.जि.का.म.न.पा. वडा न.१९ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने भानुभक्त श्रेष्ठ को छोरा वर्ष ५१ को दिनेश श्रेष्ठ ........................................१

का.जि.का.म.न.पा. वडा न.८ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ महर्जनको छोरा वर्ष ४८ को अर्जुन महर्जन...........................................................................१

जिल्ला सिन्धुपाल्चोक सिन्धुकोट गा.बि.स. वडा न.४ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७ बस्ने सुर्य प्रसाद ढुंगाना को छोरा वर्ष ४३ को राम प्रसाद ढुंगाना .......................................................................................१

जिल्ला संखुवासभा चैनपुर गा.बि.स. वडा न.७ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.७ बस्ने गणेश बहादुर भण्डारी को छोरा वर्ष ५९ को रामेश्वर भाण्डारी.......................................................................................................
.......................................................................................................१

जिल्ला झापा भद्रपुर मा.बि.स. वडा न.७ घर भई हाल का.जि.का.म.न.पा. वडा न.७बस्ने इन्द्र कुमार श्रेष्ठको छोरी वर्ष ५३ को बिध्या श्रेष्ठ समेत ३७ जनाको वारेस भै आफ्नो समेत हकमा का.जि.का.म.न.पा वडा न ७ बस्ने डिल्ली प्रसाद संग्रौला समेत ...........................................................................१

विरुद्ध

भूमि व्यवस्था तथा सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार, काठमाडौं........................................................................................ १

काठमाडौं महानगरपालिकाको कार्यालय बागदरबार काठमाडौं ........................ १

ऐ.ऐ का प्रमुख ........................................................................................ १

काठमाडौं महानगरपालिका वडा नं ७ को कार्यालय चाबहिल काठमाडौं ........... १

ऐ.ऐ का वडाअध्यक्ष ........................................................................... १ विपक्षी

जिल्ला प्रशासन कार्यालय काठमाडौं .......................................................... १

प्रमुख जिल्ला अधिकारी काठमाडौं ............................................................. १

महानगरीय प्रहरी वृत गौशाला काठमाडौं ...................................................... १

........................................................................................................ १

नेपालको संविधानको धारा ४६ र धारा १३३ को उपदफा (२) र (३) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

## तथ्य खण्ड

१. **रिट निवेदनको व्यहोराः** हामी निवेदकहरु लामो समयदेखि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ७ चाबहिलस्थित गंगाहिटी टोलमा बसोबास गर्दै आएका छौं। हामी निवेदकहरुले आ-आफ्नो स्वामित्वमा रहेको जग्गामा कानून बमोजिमको सबै प्रकृया पूरा गरी रितपूर्वक नक्सा पासगरी घर निर्माण गरी बसोबास गर्दै आइरहेका छौं ।हाम्रो घर आँगन तथा ढोका अगाडि नै निरन्तर शवदहनको कार्य हुदै आएको अवस्था छ। जसबाट हाम्रो स्वास्थ्यमा निरन्तर प्रतिकुल असर पर्दै आएको छ। हामीले यस सम्बन्धमा पटक पटक विपक्षी काठमाडौं महानगरपालिका तथा वडा कार्यालयमा गएर विपक्षीहरुको ध्यानाकर्षण गराउँदै पटक पटक उजुरी तथा निवेदन दिँदै आएका छौं।तर विपक्षी काठमाडौं महानगरपालिकाको कार्यालयले निवेदकहरुको समस्या सम्बोधन गर्नुको सट्टा त्यस ठाउँमा शवदहन गर्न सजिलो होस भनी शवदहनका लागि कंक्रिट संरचना निर्माण गर्दै गरेको छ।

२. कंक्रिट संरचना निर्माणकार्यका लागि महानगरपालिकाको कार्यालयले मिति २०७६।११।०८ मा बोलपत्र स्वीकृत गरेको तथा मिति २०७६।११।२० मा राउचुली कन्स्ट्रक्सनसँग शवदहनस्थल निर्माण गर्न सम्झौता गरेको छ। सो सम्बन्धी पत्र ठेकेदार कम्पनीलाई मिति २०७७।०३।११ मा प्रदान समेत गरेको छ। हामी गम्भीर रुपमा प्रदुषित वातावरणमा बाँच्न बाध्य पारिएका छौं। हाम्रो घरको ठिक दैलो तथा आँगनमा शवदहन कार्य हुदै आएको छ।यसले हाम्रो स्वास्थ्यमा गम्भीर असर परिरहेको छ। यस सम्बन्धमा हामीले सम्बन्धित निकायहरुलाई पटक पटक गुहारे पनि यो समस्यालाई सम्बोधन गर्न सम्बन्धित निकायले

कुनै चासो देखाएको छैन। तर यसको ठिक विपरित हाल महानगरपालिकाले त्यहाँ शवदहनका लागि स्थायी संरचना निर्माण गर्दैछ। यसबाट हामी निवेदकहरुको संविधान प्रदत्त हकमा गम्भीर आघात तथा कुण्ठा पुगेको छ। तसर्थ अन्य वैकल्पिक उपचारको अभावमा हामी निवेदकहरु आफ्नो संविधान प्रदत्त मौलिक हक प्रचलित गरिपाउन सम्मानित अदालतमा उपस्थित भएका छौं।

३. विपक्षी काठमाडौं महानगरपालिकाले शवदहनस्थल निर्माण कार्यको लागि गरेको निर्णय, मिति २०७६।११।०८ मा स्वीकृत गरेको वोलपत्र तथा मिति २०७६।११।२० मा राउचुली कन्ट्रक्सनसँगको सम्झौताले हामी निवेदकहरुले संविधानको धारा १६, १८, ३०, ३५ तथा २५ ले प्रत्याभूत गरेको हकमा गम्भीर आघात तथा कुण्ठा पुगेको छ। नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम विपक्षी का. म. न. पा. ले निवेदकहरुको दैलो एवं आगनमा शवदहन स्थल निर्माण कार्यको लागि गरेको निर्णय, मिति २०७६।११।०८ मा स्वीकृत गरेको वोलपत्र तथा मिति २०७६।११।२० मा राउचुली कन्ट्रक्सनसँगको सम्झौता उत्प्रेषणको आदेशले बदर गरि हामी निवेदकहरुको घर दैलोलाई शवदहन स्थलको रुपमा प्रयोग नगर्नु तथा शवदहनका लागि अन्य उचित, तर्कसंगत तथा वैकल्पिक स्थलको तत्काल बन्दोवस्त गर्नु भंनी विपक्षीहरुका नाममा परमादेश जारी गरि पाउँ भन्ने समेत व्यहोराको मिति २०७४।०८।११ को रिट निवेदन।

४. **<u>यस अदालतको आदेश</u>**: यसमा के कसो भएको हो? निवेदकहरुको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं.१, ६,७ र ८ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं.२,३,४ र ५ को हकमा आफै वा आफ्नो कानूनी प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश समेतको माग गरेको सन्दर्भमा विचार गर्दा दुवै पक्षको छलफलपश्चात् निर्णयमा पुग्दा उपयुक्त हुने देखिँदा छलफलको लागि मिति २०७७।०९।०५ गतेको दिन छलफलमा उपस्थित हुनु भन्नेसमेत व्यहोराको यस अदालतबाट मिति २०७७।०८।२६ मा भएको आदेश।

५. **<u>विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौं र प्रमुख जिल्ला अधिकारीको लिखित जवाफ</u>**: काठमाडौं महानगरपालिका वडा नं. ७ चावहिल गंगाहिटी टोल स्थित शवदहन स्थल हालै स्थापना नभइ सनातन देखि चलिआएको शवदहन स्थल भएको हुँदा उक्त स्थानमा हाल घना वस्ती बढ्दै गएको हुँदा उक्त शवदहन कार्यबाट निस्किने धुँवाबाट वातावरण प्रदुषित नहोस्

र सर्वसाधारण जनताको स्वास्थ्यप्रति नकारात्मक असर नपरोस् भन्ने कुरामा यस कार्यालय सदा सचेत रहेको छ। मुलुकी देवानी संहिता २०७४ को दफा ३०० को उपदफा १ (ग) ले अन्त्येष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रस्थान रहेको जग्गालाई सार्वजनिक सम्पत्ति मानिनेछ भनी उल्लेख गरेको छ। सो संहिताको दफा ३०६ (१) मा कसैले पनि सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा च्यापी मिचि, घुसाइ वा अन्य कुनै तवरले आफ्नो कब्जामा राख्न हुँदैन भनी कानूनी व्यवस्था हुँदा हुँदै रिट निवेदकहरुमा उक्त शवदहन स्थल कि.नं १०१ र १०२ को जग्गालाई आफ्नो घर दैलो रहेको भनी शवदहन स्थलको रुपमा प्रयोग नगर्नु नगराउनु भनी अदालत प्रवेश गर्ने हकदैया समेतको अभाव देखिँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ।विपक्षी रिट निवेदकले नेपालको संविधानको धारा ३० अनुसार वातावरण हक हनन भएको भनी उल्लेख गरेको अवस्था छ। काठमाडौं महानगरपालिकाले निर्माण गरेको शवदहनस्थलबाट रिट निवेदक लगायत बालबालिकाहरु समेतलाई स्वास्थ्य, शिक्षा एवम् वातावरणमा अपुरणीय क्षति भएको भए वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ अनुसार वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी उचित कदम चाल्नुपर्नेमा सो समेत नगरेको र वन तथा वातावरण मन्त्रालयलाई विपक्षी बनाउपर्नेमा विपक्षी बनाउन नसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ।

६. **<u>विपक्षी काठमाडौं महानगरपालिका कार्यालयको लिखित जवाफः</u>** रिट निवेदनमा उल्लेख भए बमोजिम रिट निवेदकहरुको बसोबासस्थल चावहिल गंगाहिटी उल्लेख छ। गंगाहिटीको नेपाली अर्थ गंगा भनेको नदी र हिटी भनेको पानीको धारो भन्ने बुझाउँछ। उक्त टोलको नामाकरणबाटै उक्त स्थल प्राचीन समयदेखि नदी एवम् पानीको धारो रहेको स्थल बुझाउने हुनाले रिट निवेदकले उठान गरे जस्तै नदी एवम् पानीको धारो रहेको उक्त स्थलमा शवदहन हुदै आएकोमा रिट निवेदक समेतका व्यक्तिहरुले जानी बुझी जग्गा खरिद एवम् घर निर्माण गरी बसोबास गर्दै आइरहेको कारण बस्ती विस्तार भएको हो।घना मानव बस्तीमा नँया घाट निर्माण स्थल एवं संरचनाको निर्माण कार्य गर्न लागेको नभै परापूर्वकाल देखि प्रचलनमा रहेको घाट स्थललाई वातावरण प्रदुषण कम गरी व्यवस्थित गर्ने घाट निर्माण प्रयोजनका लागी वोलपत्र आबहान, स्वीकृत एवं सम्झौता भएको हुँदा का. म. पा. वडा नं. ७ को कार्यालय एवं उक्त कार्यालयका पदाधिकारीहरुको तर्फबाट रिट निवेदक समेतको संविधान प्रदत्त मौलिक हकमा आघात पुग्ने कुनै पनि कार्य नभएको हुँदा रिट निवेदकहरुको माग बमोजिम मिति २०७६।११।०८ को स्वीकृत बोलपत्र, मिति २०७६।११।२० को सम्झौता समेतको कार्य बदर हुन सक्दैन। साथै घाट सञ्चालन प्रयोजनको लागि उक्त स्थलको वैकल्पिक ठाउँको व्यवस्थापन गर्न समेत नसकिने हुँदा माग बमोजिम परमादेशको आदेश समेत जारी हुन सक्दैन।विपक्षीहरुको रिट निवेदन खारेजभागी छ।

७. **विपक्षी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लिखित जवाफः** स्थानीय सरकार सञ्चालन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा २ को खण्ड ग को ३५ नं मा असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने उल्लेख छ। यस्तै ऐ. ऐनको दफा ६२ को उपदफा (२) को खण्ड (ग) मा गाउँपालिका तथा नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार अन्तर्गत शवदाह गृहको उपयोग सम्बन्धमा व्यवस्था रहेकोछ। मृतकको शवदाह संस्कार गर्नका लागि स्थानीय तहले आफ्नो क्षेत्र भित्र स्थानीय पूर्वाधार अन्तर्गत शवदाह व्यवस्थापन गर्न सक्ने हुँदा रिट जारी गरिरहनुपर्ने अवस्था देखिंदैन। जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २ को खण्ड (च) र मालपोत ऐन,२०३४ को दफा २ को खण्ड (ख) (३) ले सार्वजनिक जग्गाको परिभाषा गरेको छ। जसमा सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि रहेको अन्त्यष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धामिक उपासना स्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह आदीलाई सार्वजनिक जग्गा सम्झनु पर्दछ। सार्वजनिक हितको सिद्धान्त (Doctrine of Public Interest) अनुसार जग्गा कुनै व्यक्ति, समुदाय भन्दा पनि वृहत सार्वजनिक हितका लागि प्रयोग गरिनु पर्दछ भन्ने मान्यता राख्दछ। सार्वजनिक जग्गामा सार्वजनिक उपयोगका लागि शवदहन स्थल निर्माण गर्ने कार्य भएकाले विपक्षीहरुले माग गरे जस्तो आदेश जारी गरिरहनु नपर्ने हुँदा रिट निवेदन खारेजभागी छ।

## यस अदालतको अन्तिम आदेश

८. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरियो।

९. निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठीले निवेदकहरु बसोबास गर्ने स्थान नजिक शवदहन कार्य गर्दा त्यसबाट निस्किने हानिकारक धुवाँले स्थानीय बासिन्दाहरुको स्वास्थ्य र वातावरणमा गम्भीर असर पुगेको छ। मानव बस्तीको बीचमा रहेको शवदहनस्थललाई बस्तीबाट अन्यत्र स्थानान्तरण गरी स्थानीय व्यक्तिहरुको संविधान प्रदत्त हकहरु सुनिश्चित गरिनुपर्दछ। विपक्षी काठमाडौं महानगरपालिकाले निवेदकहरुको दैलो एवं आगनमा शवदहनस्थल निर्माण गर्ने भनी गरेको निर्णय, सो का लागि मिति २०७६।११।०८ मा स्वीकृत गरेको बोलपत्र तथा मिति २०७६।११।२० मा राउचुली कन्स्ट्रक्सनसँगको सम्झौता उत्प्रेषणको आदेशले बदर गरी शवदहनस्थलको वैकल्पिक व्यवस्थापन गर्नु भनी विपक्षीहरुका नाममा परमादेश जारी गरी पाउँ भनी बहस गर्नुभयो।

१०. विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले सम्मानीत अदालतबाट भएको आदेशको कार्यान्वयनमा जटिलता नआउने गरी तथा महानगरपालीकाले समेत समस्याको न्यूनीकरणको उपाय अपनाउन सक्ने गरी आदेश जारी गर्नुपर्ने भनी बहस गर्नुभयो।

११. यसमा, निवेदकहरु लामो समयदेखि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ७, चाबहिल गंगाहिटी टोलमा आ-आफ्नो स्वामित्वमा रहेको जग्गामा कानून बमोजिमको सबै प्रकृया पुरा गरी रितपूर्वक नक्सा पासगरी घर निर्माण गरी बसोबास गर्दै आइरहेकोमा आफूहरुको आँगनमा नै शवदहन कार्य हुने गरेको र यस सम्बन्धमा महानगरपालिकाको कार्यालयमा पटक पटक उजुरी तथा निवेदन दिँदै आएको भएतापनि निवेदकहरुको समस्या सम्बोधन नभई महानगरपालिकाले त्यस ठाउँमा शवदहनका निम्ति कंक्रिट संरचना निर्माण प्रयोजनार्थ बजेट समेत छुट्याइ मिति २०७६।११।०८ मा बोलपत्र स्वीकृत गरी मिति २०७६।११।२० मा राउचुली कन्स्ट्रक्सनसँग शवदहनस्थल निर्माण गर्न सम्झौता भई सो सम्बन्धी पत्र ठेकेदार कम्पनीलाई मिति २०७७।०३।११ मा प्रदान गरेको छ। नेपालको संविधानले नै हरेक मानिसको स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक, शिक्षाको हक, बालबालिका सम्बन्धी हकहरु सुनिश्चित गरेकोमा विपक्षीहरु शवदहन गर्ने एवं शवदहन स्थल निर्माण गर्ने कार्यले संविधान प्रदत्त मौलिक हकमा आघात पुग्ने हुँदा निवेदकहरुको घर आँगनमा शवदहनस्थलको निर्माण कार्यको लागि गरेको निर्णय, मिति २०७६।११।०८ मा स्वीकृत गरेको वोलपत्र तथा मिति २०७६।११।२० मा राउचुली कन्ट्रक्सनसँगको सम्झौता उत्प्रेषणको आदेशले बदर गरी शवदहन कार्यका लागि वैकल्पिक व्यवस्था गर्न विपक्षीहरुका नाममा परमादेश जारी गरी पाउँ भन्ने निवेदन दावी रहेको पाइन्छ। घना मानव बस्तीमा नयाँ घाट निर्माण स्थल एवं संरचनाको निर्माण कार्य गर्न लागेको नभई परापूर्वकाल देखि प्रचलनमा रहेको घाट स्थललाई वातावरण प्रदुषण कम गरी व्यवस्थित गर्न र सो प्रयोजनार्थ घाट निर्माण गर्न बोलपत्र आव्हान, स्वीकृति एवम् सम्झौता भएको साथै सो कार्यबाट निवेदकहरुको संविधान प्रदत्त मौलिक हकमा आघात पुग्ने कुनै पनि कार्य नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ भएको प्रस्तुत मुद्दामा निवेदक तर्फबाट उपस्थित विद्धान वरिष्ठ अधिवक्ता तथा विपक्षी जिल्ला प्रशासन कार्यालय समेतका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले गर्नु भएको तर्कपूर्ण बहस जिकिरसमेत सुनी निर्णयतर्फ विचार गर्दा यस इजलासबाट देहायका प्रश्नहरुको निरुपण हुनुपर्ने देखिन आयो:

**क. शवदहन कार्यबाट मानव स्वास्थ्य र पर्यावरणमा कुनै असर पर्छ वा पर्दैन ?**

**ख. परम्परागतरुपमा शवदहन गरिँदै आएको शवदहनस्थल मानव बस्तीका बीचमा पर्न गएको अवस्थामा राज्यका निकायहरुबाट शवदहनस्थल व्यवस्थापन गर्दा सम्बन्धित**

**समुदायको धार्मिक वा साँस्कृतिक आस्था र अभ्यास सम्बन्धी हक अधिकारमा असर पर्छ पर्दैन?**

**ग. निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता हो वा हैन ?**

१२. अब, पहिलो प्रश्न अर्थात **शवदहन कार्यबाट मानव स्वास्थ्य र पर्यावरणमा कुनै असर पर्छ वा पर्दैन?** भन्ने सम्बन्धमा विचार गरौं। जन्मपछि मृत्यु साश्वत सत्य (Universal Truth) हो। मृत्युलाई टार्न सक्ने कुनै शक्ति हालसम्म देखा पर्न सकेको छैन। तथापि, मृत्युलाई धार्मिक, सामाजिक, आध्यात्मिक, वैज्ञानिक वा दार्शनिक आदि फरक फरक कोणबाट फरक रुपमा विश्लेषण गरेको भने पाइन्छ। विभिन्न धर्म, जाति सम्प्रदाय वा समुदायले अवलम्बन गरेको फरक फरक अन्त्येष्टि संस्कारलाई ती जाति, धर्म वा सम्प्रदायले मृत्युका सम्बन्धमा गरेको धार्मिक, साँस्कृतिक वा आध्यात्मिक विश्लेषणको सापेक्षतामा हेर्न सकिन्छ। हिन्दु मतमा भौतिक शरीर र आत्माको पृथक अस्तित्व रहन्छ। भौतिक शरीर नाशवान छ तर आत्मा अजन्मा, नित्य र साश्वत छ। शरीर मर्छ तर आत्मा मर्दैन।[१] आत्मालाई न हतियारले टुक्राउन सकिन्छ, न आगोले डढाउन, न पानीले भिजाउन, न त हावाद्वारा सुकाउन नै सकिन्छ[२]। तथापि, स्थुल र भौतिक शरीरको मृत्युपश्चात भौतिक शरीरको अग्निदहन गरिएमा मृतात्माले मुक्ति पाउने विश्वासका कारण पार्थिव शरीरलाई अग्निदहन गर्ने आम प्रचलन रहेको पाइन्छ। पुनर्जन्ममा विश्वास राख्ने सम्प्रदायले मृत्यु पश्चात् आत्मा अर्को जीवमा प्रवेश गर्ने मान्यता राखेको पाइन्छ। मृतकको अग्निदहनबाट अन्त्येष्टि गर्दा मृत व्यक्तिको आत्मा अर्को जीवनमा सहज प्रवेश गर्छ भन्ने विश्वास हिन्दु सम्प्रदायमा सामान्यतः पवित्र नदी वा सागर किनारमा शवदहन गर्ने गरेको पाइन्छ।

१३. यसैगरी बौद्ध, इशाई, इस्लाम लगायतका विभिन्न धार्मिक/साँस्कृतिक सम्प्रदायमा फरक फरक अन्त्येष्टि संस्कार रहेको पाइन्छ। जस्तोसुकै अन्त्येष्टि संस्कार भएतापनि यसलाई मृतकप्रतिको श्रद्धाभाव व्यक्त गर्ने र मृतकका परिवार र आफन्तजनप्रति प्रकट गरिने समवेदनाका रुपमा लिइएको हुन्छ।

१४. फरक फरक धर्म, समुदाय वा सम्प्रदायमा अन्त्येष्टि संस्कार फरक फरक देखिएता पनि शवदहन गरी दाहसंस्कार गर्ने अभ्यास आमरुपमा अवलम्बन गरिएको देखिन आउँछ। शवदहन गर्दा प्रारम्भमा काठका मुढा, दाउरा आदि परम्परागत स्रोतबाट गरिने गरिएकोमा विद्युतीय

---

[१] न जायते म्रियते वा कदाचि, न्नायं भूत्वा भविता वा न भूयः।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीर। श्रीमद्भागवतगिता २।२०।।

[२] नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः। श्रीमद्भागवतगिता २।२३।।

शवदहन यन्त्रहरुको विकास पश्चात[3] शवदहनमा यसको प्रयोग शुरु भएको पाइन्छ। यद्यपि, कतिपय समुदायमा परम्परागत रुपमा काठका मुढा गरिदै आएको शवदहन कार्यलाई नै प्राथमिकतासाथ अबलम्बन गरेको देखिएतापनि पछिल्लो समय विद्युतीय शवदहनको प्रयोग बढ्दै गएको पाइन्छ। परम्परागत रुपमा दाउराबाट गरिने शवदहन र विद्युतीय (Cremator) शवदहनमा खपत हुने उर्जा र उत्सर्जन हुने प्रदुषणको मात्रामा तुलनात्मक अध्ययन भएका पर्याप्त स्रोतहरु नभएतापनि समग्रमा शवको अन्त्येष्टि वा दाहसंस्कारका क्रममा उत्सर्जन हुने धुवाँबाट मानव स्वास्थ्य र पर्यावरणमा पर्ने असरका सम्बन्धमा देहाय बमोजिमका अनुसन्धान प्रतिवेदनहरुले देहायको तथ्यहरुको उजागर गरेको देखिन्छ:

क. चीनमा The Impact of PM2.5 on the Human Respiratory System का सम्बन्धमा गरिएको एक वैज्ञानिक अध्ययनमा शवदहनबाट सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड लगायतका विभिन्न हानिकारक तत्व उत्सर्जन हुने र यो चिनको वायुप्रदुषणको एक प्रमुख कारक तत्वको रुपमा रहेको भनी उल्लेख गरेको पाइन्छ।.[४]

ख. नेदरल्याण्डको TNO innovation for life[5] नामक एक Research institute ले प्रकाशन गरेको Environmental Impact of Different Funeral Technologies भन्ने एक अध्ययन प्रतिवेदनमा दाहसंस्कारको अभ्यासले(Funeral Practice) नेदरल्याण्डको सबै वर्गहरूमा वातावरणीय प्रभाव पारेको भनी उल्लेख गरेको पाइन्छ"।[६].

ग. मेक्सिकोसिटीमा भएको दाहासंस्कार सम्बन्धी अभ्यासबाट सार्वजनिक स्वास्थ्यमा परेको असरका सम्बन्धमा गरिएको एक अध्ययन प्रतिवेदन "An Urgent Need for Hygiene": Cremation, Class, and Public Health in Mexico City,1879–1920 मा शहरका वासिन्दामा देखिएको रोगहरुका एक कारक तत्वका रुपमा दाह संस्कार अभ्यास(burial

---

[३] इटलीको प्रोफेसर Ludovico Brunetti ले सन् १८७३ म पहिलो पटक Modern Commercial Cremation Chamber "Furnace" को प्रदर्शन गरेका थिए। हेर्नुहोस् https://www.theforesightcompanies.com/blog/history-of-cremation/ नेपालमा पहिलो पटक २४ जनवरी २०१६ मा पशुपति आर्यघाट नजिक पशुपति क्षेत्रभित्र विद्युतिय शवदहनगृह स्थापना गरिएको थियो।हेर्नुहोस् Hans Hadders, Establishment of Electric Crematorium in Nepal: Continuity, Changes and Challenges, 2017, https://doi.org/10.1080/13576275.2016.1274298

[४] "The process of corpse cremation generates numerous harmful air pollutants, including particulate matter, sulfur dioxide (SO2) nitrogen oxide (NO) volatile organic compounds(VOC) and heavy metals. The emissions of air pollutants from the cremators that directly discharge flue exceed the emission standards of China. हेर्नुहोस् " Xing, Y. F., Xu, Y. H., Shi, M. H., & Lian, Y. X., The Impact of PM2.5 on the Human Respiratory System, Journal of Thoracic Disease, 8(1), E69–E74,2016, https://doi.org/10.3978/j.issn.2072-1439.2016.01.19

[५] TNO is the Netherlands Organization for Applied Scientific Research. It is the largest fully independent Research, Development and Consultancy organization in the Netherlands.हेर्नुहोस् https://www.tno.nl/en/about-tno/

[६] The report draws a conclusion that in context of Netherland the practice of cremation has in all categories an environmental impact.हेर्नुहोस् E.E. Keijzer, MSc, TNO report on Environmental Impact of Different Funeral Technologies., 2011, p.53, https://www.funeralnatural.net/sites/default/files/articulo/archivo/environmental_impact_of_different_funeral_technologies.pdf

and cremation) लाई मानेको पाइन्छ[7]।

उल्लिखित अध्ययन प्रतिवेदनहरुले दाहसंस्कारका क्रममा उत्सर्जित धुँवामा हानिकारक रसायनहरु रहने र यसबाट वातावरणमा नकरात्मक असर पर्ने विषयलाई विस्तृतमा चर्चा गरेको पाइन्छ। यसैगरी शवदहन सम्बन्धी हिन्दु मान्यतालाई हेर्ने हो भने पनि मानव शव जलाउँदा निस्किने हानिकारक धुँवाबाट मानव स्वास्थ्यमा गम्भीर असर पर्ने भनी परापुर्वकाल देखिनै मसानघाट वा शवदहन गर्ने कार्य मानवबस्तीबाट टाढा नदी किनारमा राख्ने गरेको पाइन्छ। सामान्यतया बाक्लो मानव वस्तीको बिचमा शवदहन गर्ने गरेको पाइँदैन।

१५. प्रदुषित वातावरणबाट मानव स्वास्थ्यमा पर्ने असरका सम्बन्धमा United states Environment protection Agency ले Environment And Health Impacts of Air Pollution भन्ने शिर्षकमा Frontiers In Public Health नामक जर्नलमा प्रकाशित अनुसन्धानात्मक आलेखमा वायु प्रदूषणलाई महत्त्वपूर्ण स्वास्थ्य समस्याहरूको श्रृंखलासँग जोडेको पाइन्छ। वायु प्रदुषणका कारण ब्रोन्काइटिस तथा फोक्सो र श्वासप्रश्वासजन्य रोग लाग्नुका साथै मुटु वा फोक्सोको रोग भएका व्यक्तिहरूको प्रदुषणले मृत्यु नै निम्ताउन सक्ने भनी उल्लेख गरेको पाइन्छ।[८]

१६. जीवन र वातावरणबीचको अन्तरनिर्भरतालाई विगतदेखि नै विश्वभर प्राथमिकता दिंदै आइएको पाइन्छ। सन १९७२ को **Stockholm Declaration of the United Nations Conference on Human Environment** को सम्मेलनबाट पहिलो पटक अन्तर्राष्ट्रिय जगतमा स्वच्छ वातावरणमा बाँच्न पाउनु पर्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार रहेको विषयले प्रवेश पाएको पाईन्छ । सो सम्मेलनबाट विभिन्न २६ वटा सिद्धान्तसहितको स्टकहोम घोषणा पत्र (Stockholm Declaration[९]) जारी भएको थियो जुन घोषणापत्र वातावरण संरक्षणको क्षेत्रमा कोशेढुङ्गा साबित भएको छ। उक्त घोषणापत्रको बुँदा नं १ मा सम्मानपूर्वक र स्वच्छ जीवन जीउनको लागि आवश्यक उचित वातावरणमा मानिसलाई स्वतन्त्रता, समानता र आधारभूत आवश्यकताहरू सहित जीउन पाउने हक रहन्छ र उसँग वातावरणलाई वर्तमान तथा भावी पिँढीसमेतको लागि संरक्षण र सम्बर्द्धन गर्ने पवित्र उत्तरदायित्व पनि रहन्छ[१०] भनी उल्लेख

---

[७] Amanda M. López, An Urgent Need for Hygiene": Cremation, Class, and Public Health in Mexico City, 1879–1920, University of California Institute for Mexico and the United States, Vol.31, No.1,2015,pp.88-124, https://www.jstor.org/stable/10.1525/msem.2015.31.1.88

[८] "Scientific studies have linked particle pollution, especially fine particles with a series of significant health problem, decreased lung functions, development of chronic bronchitis, heart attack, pre mature death in people with heart or lung disease" हेर्नुहोस् Manisalidis, I., Stavropoulou, E., Stavropoulos, A., & Bezirtzoglou, E.,Environmental and Health Impacts of Air Pollution: A Review. Frontiers in public health, 2020 https://doi.org/10.3389/fpubh.2020.00014

[९] The 1972 United Nations Conference on the Human Environment adopted the Stockholm Declaration, which marked the beginning of international environmental law.हेर्नुहोस् https://www.stockholmdeclaration.org/about/

[१०] "Man has the fundamental right to freedom, equality and adequate condition of life, in an environment of a quality that permits a life of dignity and well-being, and he bears a solemn responsibility to protect and improve the environment for present and future generations." हेर्नुहोस् Principle 1 of Declaration of the United Nations Conference on the Human Environment. https://www.stockholmdeclaration.org/about/

१७. यस्तै संयुक्त राष्ट्र संघको आयोजनामा सन् १९९२ मा सम्पन्न वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन (United Nations Conference on Environment and Development) ले पारित गरेका विभिन्न २७ वटा सिद्धान्तसहितको रियो घोषणा पत्र (Rio Declaration)[११] एवम् एजेन्डा २१ (Agenda 21) ले दिगो विकासका साथै स्वच्छ वातावरणमा बाँच्ने हकलाई जोड दिएको पाइन्छ। नेपालसमेत पक्ष राष्ट्र भएको उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन गर्नु पक्ष राष्ट्रको हैसियतले नेपाल राज्यको समेत दायित्व हो। वातावरण र मानव जीवनको पारस्परिक सम्बन्धलाई हृदयंगम गरेर अन्तरष्ट्रिय समुदायले नै स्वच्छ वातावरणको हकलाई आधारभूत मानव अधिकारको रूपमासमेत स्वीकार गरेको पाइन्छ। प्रायः सबै मुलुकहरूले आफ्नो देशको संविधानमा स्वच्छ तथा स्वस्थ्य वातावरणको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी वातावरण संरक्षण सम्बन्धमा कानूनी र संस्थागत संयन्त्रको निर्माण गरेको पाइन्छ।

१८. नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूत गरेको र उक्त संवैधानिक प्रत्याभूतिलाई व्यवहारिक रुपमा सुनिश्चित तुल्याउनु पर्ने राज्यको दायित्व भएको व्यहोरा उल्लेख गर्नुसमेत यहाँ प्रासंगिक हुन आउँछ। वस्तुतः स्वच्छ वातावरणमा जीवन यापन गर्न पाउनु प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार हो। स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हक र सोका लागि वातावरण संरक्षण गर्नुपर्ने राज्यको दायित्वका सन्दर्भमा यस अदालतले देहायका मुद्दामा गरेको व्याख्या तथा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दाका हकमा समेत सान्दर्भिक देखिन्छन्:

क) *अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत*[१२] भएको उत्प्रेषण मुद्दामा यस अदालतले बाँच्न पाउँने हक र सम्मानपूर्व जीउन पाउने हक अन्तर्गत जिउने मात्र नभएर सामाजिक, शारीरिक र मानसिक रुपले स्वस्थ्य रहन पाउने, स्वस्थ्य वातावरणमा काम गर्न पाउने तथा प्रदुषण रहित वायुमा स्वास फेर्न पाउने जस्ता अधिकार पनि समेटिनुपर्छ। स्वच्छ वातावरणमा जिउन पाउने हकमा कुनै पनि प्रत्यक्ष वा परोक्ष असर परेमा न्यायिक उपचारको सान्दर्भिकता रहने हुनाले यस हकलाई न्यायमा पहुँचको हकसम्म पनि विस्तारित रुपमा हेर्न सकिने भनी नजीर प्रतिपादित भएको पाइन्छ।

ख) *अधिवक्ता रामकुमार दीक्षित विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,*

---

[११] विस्तृका लागि हेर्नुहोस् The Rio Declaration on Environment and Development (1992).
[१२] ने.का.प २०६५, नि. नं ७९५४, अंक ४

*काठमाडौंसमेत*[१३] भएको उत्प्रेषण परमादेश मुद्दामा स्वच्छ वातावरण नागरिकको वा समूह विशेषको मात्र सरोकारको विषय नभएर राज्यकै चासो र सरोकारको विषय बन्नु पर्दछ। यसका लागि राज्यले विभिन्न वातावरण संरक्षणसम्बन्धी कानूनहरूको तर्जुमा गर्नु, विभिन्न निकायहरूको गठन गर्नु र वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाको सदस्य र वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राष्ट्र बन्नु मात्र पर्याप्त हुँदैन। वातावरण संरक्षणलाई राज्यको मुख्य प्राथमिकताभित्र पारी संरक्षणको लागि कार्यक्रमको तर्जुमापश्चात् प्रभावकारी कार्यान्वयनमार्फत स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकको प्रत्याभूति गर्न पनि अपरिहार्य हुने भनी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ।

ग) *अधिवक्ता अमिता गौतम पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत*[१४] भएको अर्को एक मुद्दामा यस अदालतले नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको प्रचलन गराउने मुख्य जिम्मेवारी राज्यको नै रहेको देखिन्छ। राज्यले जुन सुकै कार्य गर्दा नागरिकका मौलिक हकहरूलाई मध्येनजर राखेर गर्नुपर्ने हुन्छ। प्रदूषणयुक्त अवस्था विद्यमान रहेको खण्डमा विभिन्न रोगव्याधि लाग्न गई मानिस बिरामी भई पेसा रोजगार गर्नसमेत असक्षम हुने कुरा एकातिर छ भने अर्कोतिर प्रदूषणको कारण वर्षेनी अकारणमा ज्यान गुमाउनेको संख्या पनि अत्यधिक भएको साथै दिनानुदिन यो संख्यामा वृद्धि भइरहेको कुरा बेलाबेलामा प्रकाशित हुने प्रतिवेदनहरूले देखाई रहेको पाइन्छ। मानिसको बाँच्न पाउने अधिकार र स्वच्छ वातावरण एक आपसमा अन्तरसम्बन्धित भएको र यसको प्रचलन गराउने मुख्य दायित्व राज्यको भएकोले राज्यका अंगहरूबाट उक्त संवैधानिक दायित्वको निर्वाह हुन जरूरी छ। राज्यका निकायहरूले विकास निर्माणका कार्यहरू गर्दासमेत संविधान तथा देशको विद्यमान कानूनले प्रत्याभुत गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सम्मान गर्नुपर्ने कुरा बिर्सन मिल्दैन भनी स्वच्छ वातावरण सम्बन्धी नागरिकको हक र राज्यको दायित्वका सम्बन्धमा व्याख्या गरेको छ। यसैगरी स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हक तथा राज्यको दायित्वका सम्बन्धमा अन्य कतिपय मुद्दाहरुमा समेत व्याख्या भएको पाइन्छ[१५]।

[१३] ने.का.प २०७५, नि. नं. १०१३०,अंक ११

[१४] ने.का.प २०७५ , नि.नं. १०१३१, अंक ११

[१५] क)**अधिवक्ता पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबारसमेत** (ने.का.प. २०७३, नि.नं.९५७७, अंक-४ "....वातावरणीय प्रदुषणको परिणाम स्वरूप जैविक विविधतामा ह्रास हुँदै आने र त्यसको प्रत्यक्ष असर मानवलाई पर्ने हुँदा समस्त प्राणी जगत्को अस्तित्व स्वस्थ र स्वच्छ वातावरणमा मात्र सम्भव हुने हुन्छ..."।

२१.यस अतिरिक्त भारतको सर्वोच्च अदालतले वातावरण प्रदुषण रोकथाम तथा वातावरण संरक्षण र सम्बर्द्धनमा राज्यको दायित्वका सम्बन्धमा गरेको व्याख्यालाई समेत सन्दर्भका रुपमा लिन सकिन्छ। उदाहरणका लागि *M.C Mehata v Union of India*[१६] को मुद्दामा "दिल्लीको वायु प्रदुषण बढ्दै गएकाले विभिन्न सरकारी मन्त्रालय र विभागहरुलाई यस सम्बन्धमा सचेत रहन र वायु ऐन, १९८१ कार्यन्वयनका निमित्त दायर भएको उक्त रिट निवेदन उपर भारतीय सर्वोच्च अदालतले दिल्ली प्रशासनलाई वायु प्रदुष न्यूनीकरणका लागि चालिने कदमहरु निर्दिष्ट गर्दै उक्त कदमहरुको अवलम्वन गर्न निर्देश गरेको पाइन्छ। तत् पश्चात् केन्द्रिय सरकार र दिल्ली प्रशासनले वायु प्रदषण नियन्त्रण गर्न सवारी साधनको मापदण्ड तोक्ने लगायतका धेरै वातावरणीय कानून तथा नीतिहरु अवलम्बनसमेत गरेको पाइन्छ[१७]। यसैगरी *Virendra Gaur & Ors v State of Haryana*[१८] को मुद्दामा भारतीय सर्वोच्च अदालतले वातावरण प्रदुषण रोकथाम तथा वातावरण संरक्षण र सम्बर्द्धनको संवैधानिक दायित्व प्रदेश सरकार र स्थानीय पालिकाहरुमा समेत हुने र ती निकायले सो का लागि आवश्यक र पर्याप्त उपायहरु अनिवार्य रुपमा अवलम्बन गर्नुपर्ने भनी र अन्य थुप्रै मुद्दामा वातावरण प्रदुषणको रोक थामका लागि विभिन्न आदेश/ फैसला गरेको पाइन्छ[१९]।

२२.माथिका प्रकरणहरुमा गरिएको विश्लेषणबाट दाहसंस्कारका क्रममा उत्सर्जन हुने रसायनयुक्त धुँवाबाट पर्यावरण प्रदुषित हुने तथा यसबाट मानव स्वास्थ्यमा गम्भीर नकारात्मक असर पर्ने तथ्य उजागर हुन आउँछ। यस बाहेक अन्तिम संस्कारका क्रममा शवदहनस्थलमा हुने मानव भिडभाड, मानवीय आवेग र संवेदनामा दर्शिने रुवाई, चित्कार तथा संस्कारजन्य शंख वा अन्य शोक धुन जस्ता ध्वनिजन्य प्रदुषणले समेत शवदाह स्थल वरिपरिका वासिन्दाहरुको

---

ख)**धरमबहादुर बस्नेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबारसमेत** (ने.का.प.२०७५, नि.नं.१००८५,अंक ९) "... स्वच्छ र स्तरीय वातावरण जीवजन्तु र वनस्पतिलाई नभई नहुने तत्त्व हो र यसको अर्को कुनै विकल्प छैन.."। थप हेर्नुहोस् ने.का.प.२०७५, नि.नं.१००८६, अंक-९, ने.का.प. २०७६, नि.नं. १०२१०,अंक ३

[१६] Supreme Court of India in WRIT PETITION (C) NO.13029 OF 1985, Year 2020.

[१७] Urvashi Narain& Ruth Greenspan Bell, Who Changed Delhi's Air? The Roles of the Court and the Executive in Environmental Policymaking,2005, https://media.rff.org/documents/RFF-DP-05-48.pdf

[१८]There is a constitutional imperative on State Government and the municipalities, not injure to ensure and safe-guard proper environment but also an imperative duty to take adequate measures to promote, protect and improve both the man-made and the natural environment". विस्तृतका लागि हेर्नुहोस् Supreme Court of India in CASE NO.: Appeal (civil) 9151 of 1994, Date of Judgement 24/11/1994.

[१९] क) **M.C.Mehta vs.Union of India & Ors** (AIR 1115, 1988 SCR (2) 530) को मुद्दामा छालाका ट्यानरी हरुलाई घरेलु र औद्योगिक फोहोर गंगा नदीमा फाल्नबाट रोक्न दायर भएको निवेदन उपर भारतीय सर्वोच्च अदालतले कानपुर नजिकै रहेको खासगरू प्राइमरी ट्रिटमेन्ट(Primary treatment plant) प्लान्ट स्थापना गर्न नसक्ने (tanneries) लाई बन्द गर्न आदेश दिएको पाइन्छ।

ख) **M.C. Mehta v. Union Of India** (AIR 1086, 1987 SCR (1) 819) को मुद्दामा सर्वोच्च अदाललतले केन्द्र सरकारलाई वातावरण प्रदुषण र वातावरण संरक्षण सम्बन्धी मुद्दा हेर्ने वातावरण अदालत गठन गर्न निर्देशन दिएको पाइन्छ।

ग ) **V.S. Damodaran Nair And Anr. vs State Of Kerala And Ors** ( AIR 1996 Ker 8) को मुद्दामा सर्वोच्च अदालतले कोचिन क्षेत्रलाई प्रदूषणबाट मुक्त राख्न NEERI को निष्कर्ष र सिफारिसहरू पालना गर्नुपर्ने साथै NEERI का केही सिफारिसहरू राज्य सरकार र अन्य विभागहरूले पूरा गर्नुपर्ने भनी फैसला गरेको पाइन्छ।

मानसिकतामा नै असर पुऱ्याउने तथ्य बोधगम्य छ। यसबाट बालबालिका, वृद्ध वृद्धा, दीर्घरोगी, गर्भवती महिला आदी जस्ता अक्सर संवेदनशिल समुहमा रहेकालाई अझ जोखिम पुऱ्याउनेसमेत माथि उल्लिखित अध्ययन प्रतिवेदनहरुले देखाएको छ। माथि चर्चा गरिएको संवैधानिक व्यवस्था तथा राष्ट्रिय एवम् अन्तराष्ट्रिय कानूनका प्रावधान र यस अदालत तथा अन्य देशका अदालतहरुले गरेको व्याख्याबाट समेत बढ्दो प्रदुषणबाट व्यक्तिको स्वस्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा प्रतिकूल असर परेको पुष्टि हुन्छ।

२३.अब, दोस्रो प्रश्न अर्थात **परम्परागतरुपमा शवदहन गरिँदै आएको शवदहनस्थल मानव बस्तीका बीचमा पर्न गएको अवस्थामा राज्यका निकायहरुबाट शवदहनस्थल व्यवस्थापन गर्दा सम्बन्धित समुदायको धार्मिक वा साँस्कृतिक आस्था र अभ्यास सम्बन्धी हक अधिकारमा असर पर्छ पर्दैन ?** भन्ने सम्बन्धमा विचार गर्दा, जसरी स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने व्यक्तिको आधारभूत अधिकार हो, त्यसैगरी सनातनदेखि चलिआएको धर्म संस्कृति प्रति आस्था राख्न पाउनु एवं अभ्यास र अवलम्बन गर्न पाउनु पनि व्यक्ति वा सम्बन्धित समुदायको मौलिक हक अधिकार हो। राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी दस्तावेजहरुले पनि यो अधिकारलाई स्पष्ट रुपमा मान्यता र संरक्षण प्रदान गरेको पाइन्छ।

२४.**धार्मिक आस्था र विश्वासको अधिकार व्यक्ति वा समुदायको विशुद्धःनिजी मामिला हो। अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनले संरक्षण गरेको धर्म/ संस्कृतिको अभ्यास र अवलम्बन गर्न पाउने अधिकार अन्तर्गत धार्मिक विश्वासको स्वतन्त्रतालाई सार्वजनिक रुपमा प्रकट गर्न, पुजाआजा गर्ने, धार्मिक नियम र अभ्यासको अवलम्बन गर्ने, धार्मिक साँस्कृतिक पर्व, उत्सव, समारोह आदिको आयोजना गर्ने तथा त्यसमा सहभागी हुने, सो का लागि उपयुक्त स्थानको निर्माण वा चयन गर्ने एवम् अन्य संस्कारजन्य क्रियाकलापहरुको सञ्चालन गर्ने हक निहित रहेको हुन्छ। यसैगरी धर्मको हक अन्तरगत धार्मिक मान्यता अनुरुपका खानपीन र पोशाक सम्बन्धी नियम, भाषागत संस्कार र गर्भावस्थादेखि जीवनोपरान्त गरिने मृत्यु संस्कारसम्मका सामाजिक जीवनका विभिन्न चरणमा गरिने सामाजिक, साँस्कृतिक संस्कार र परम्परा समेटिने भएकाले कुनै पनि जात जाति वा समुदायले परम्परादेखि गर्दै आएको अन्त्येष्टि संस्कारलाई सोही रुपमा अवलम्बन गर्न पाउने अधिकार समेत धार्मिक तथा साँस्कृतिक अभ्यास र अवलम्बनको अधिकार अन्तर्गत निहित हुने देखिन्छ।**

२५.यस सन्दर्भमा भारतीय सर्वोच्च अदालतले आफ्नो परम्परा अनुसार मर्यादित ढंगले मृत्युसंस्कार गरिनु समेत भारतीय संविधानको धारा २१ बमोजिमको जीवनको हक (Right to life) अन्तरगत अन्तनिर्हित हुने भनी *Kharak Singh Vs. State Of UP*[२०] र *Ashray Adhikar Abhiyan*

---

[२०] AIR 1295, 1964 SCR (1) 332

*vs.Union of India*[31] को मुद्दामा गरेको व्याख्या यहाँ स्मरण गर्नु प्रासंगिक हुन आउँछ। वस्तुतःमानिसको मृत्युसङ्गै उसका सबै हक अधिकार समाप्त हुने भनी अर्थ गर्न मिल्दैन। मृत्यु संस्कार जस्ता कतिपय धार्मिक सांस्कृतिक अभ्यास सम्बन्धी हक व्यक्तिको मृत्युपर्यन्त समेत क्रियाशिल रहेको हुन्छ। मर्यादित मृत्युवरण र परम्परा देखि चलिआएको मृत्यु संस्कारको सांस्कृतिक अभ्यास सम्मान पूर्वक बाच्न पाउने हकको निरन्तरता हो। सनातन देखि चली आएको रित परम्परा अनुसार दाह संस्कार गर्न पाउने हकलाई नेपालको संविधानले धार्मिक तथा साँस्कृतिक स्वतन्त्रताको हक अन्तर्गत संरक्षण प्रदान गरेको देखिन्छ।

२६.नेपालको संविधानको धारा ४ ले नेपाललाई एक धर्म निरपेक्ष राज्यका रुपमा परिभाषित गरेको र सोही धाराको उपधारा (१) को स्पष्टिकरणले धर्म निरपेक्ष भन्नाले "सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षण लगायत धार्मिक साँस्कृतिक स्वतन्त्रता" सम्झनुपर्ने भनी परम्परादेखि चलिआएको धार्मिक साँस्कृतिक कृत्यको अवलम्बन र अभ्यासको स्वतन्त्रतालाई सुनिश्चित गरेको छ। यसैगरी संविधानको धारा १७ को उपधारा (२) को देहाय (क) द्वारा प्रत्याभूत विचार र अभिव्यक्ति स्वतन्त्रता, धारा २६ द्वारा प्रत्याभूत "धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने" धार्मिक स्वतन्त्रता तथा धारा ३२ को उपधारा (२) द्वारा प्रत्याभूत "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने" भाषा तथा संस्कृत्तिको हक लगायतले व्यक्ति तथा समुदायले आफूले परम्परादेखि गर्दै आएको धार्मिक साँस्कृतिक अभ्यासको निरन्तरतालाई संरक्षण प्रदान गरेको पाइन्छ। तथापि, धार्मिक आस्था वा विश्वास प्रकट गर्ने वा साँस्कृतिक अभ्यासको हक पनि निरपेक्ष भने हुँदैन। खासगरी सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा अर्काको हक अधिकारमा प्रतिकूल असर पर्ने गरी धार्मिक वा सांस्कृतिक हकको अभ्यास गर्न नपाइने गरी राज्यले कानून बनाई त्यस्तो हकको प्रचलनमा आवश्यक सीमा बन्देज लगाउन सक्ने अवधारणा मानव अधिकार विधिशास्त्रको स्वीकार्य मान्यता नै हो। तर यसरी मौलिक हकको सीमा बन्देज निर्धारण गर्दा आधारभूत हक अधिकार नै निस्तेज र निष्प्रभावी हुने गरी बनाइनु हुँदैन। हाम्रो संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश तथा धारा २६ को उपधारा (३) को व्यवस्थाले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता लगायतका विषयमा राज्यले धार्मिक स्वतन्त्रताको हकलाई कानून बनाइ परिसीमित गर्न सक्ने मान्यतालाई आत्मसात् गरेको देखिन्छ।

२७.यस सम्बन्धी अन्तराष्ट्रिय कानूनमा रहेको व्यवस्थाहरु हेर्दा आजभन्दा झण्डै सात दशक अगाडि जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १८ ले प्रत्येक

[31] AIR 2002 SC 554 : 2002

व्यक्तिलाई विचार, विवेक र धर्मको स्वतन्त्रताको अधिकारको घोषणा गर्नुका साथै आफ्नो धार्मिक आस्था अनुरुप निजी वा सार्वजनिक रुपमा पुजाआजा वा धार्मिक कृत्यको अभ्यास गर्न वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रताको उदघोष गरेको पाइन्छ। यसैगरी अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६ को धारा १८ ले पनि प्रत्येक व्यक्तिलाई विचार र धार्मिक आस्थाको स्वतन्त्रतालाई आधारभूत मानव अधिकारको रुपमा संरक्षित गरेको छ। तथापि, सोही धाराको उपधारा (३) मा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य, नैतिकता वा अन्य व्यक्तिको आधारभूत अधिकार र स्वतन्त्रताको संरक्षण गर्ने प्रयोजनका लागि राज्यले कानून बनाई धार्मिक स्वतन्त्रतालाई सीमित तुल्याउन सक्ने व्यवस्था देखिएबाट अन्तराष्ट्रिय कानूनले पनि धर्मको अधिकारलाई वैधानिक कानूनद्वारा मनासिब र औचित्यका आधारमा सीमित गर्न सकिने मान्यतालाई अवलम्बन गरेको देखिन्छ। साथै, संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले अनुबन्धको धारा १८ मा प्रयुक्त "नैतिकता" शब्दको व्याख्यात्मक टिप्पणीमा "नैतिकताको स्तर कुनै एउटा परम्परा वा संस्कृतिको आधारमा मात्र निर्धारण नगरी भिन्न धार्मिक सामाजिक अभ्यास तथा सैद्धान्तिक आधारमा निर्धारण गरिनुपर्छ[२२] भनी स्पष्ट पारेबाट राज्यले सबै समुदाय र धार्मिक समुहको धार्मिक साँस्कृतिक अभ्यासलाई समानरुपले सम्मान र संरक्षण गर्नुपर्ने देखिन आउँछ।[२३]

२८.**सिद्धान्ततः व्यक्तिका प्रत्येक हक अधिकारहरु आफैंमा सार्वभौम र स्वतन्त्र हुन्छन्। एक अधिकारको मूल्यमा अर्को अधिकार (trade off) को संरक्षण वा अधिकारको प्राथमिकिकरणलाई मानव अधिकार विधिशास्त्रमा स्वीकार्य मानिदैन। अन्तराष्ट्रिय मानव अधिकार र कानूनले स्वीकार गरेका वा मुलुकको संविधान वा कानूनले प्रत्याभूत गरेका व्यक्ति, नागरिक या समुदायका सबै अधिकार तत् तत् सन्दर्भमा महत्वपूर्ण र संरक्षणयोग्य रहेका हुन्छन्। यी सबै अधिकार कानूनी दस्तावेजमा मात्र सीमित नभई व्यवहारिक जीवनमा उपभोग्य हुनुपर्छ भन्ने विषयमा यो इजलास स्पष्ट छ।**

२९.अब उक्त अवधारणालाई प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा एकातर्फ परम्परादेखि चलिआएको

[२२]The Committee observes that the concept of morals derives from many social, philosophical and religious traditions; consequently, limitations on the freedom to manifest a religion or belief for the purpose of protecting morals must be based on principles not deriving exclusively from a single tradition." हेर्नुहोस् Human Rights Committee, General Comment 22, Article 18(Forty-eighth session, 1993). Compilation of General Comments and General Recommendations Adopted by Human Rights Treaty Bodies, U.N. Doc. HRI/GEN/1/Rev.1 at 35 (1994). http://hrlibrary.umn.edu/gencomm/hrcom22.htm

[२३]अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरुमा व्यवस्था गरिएका सीमित गर्ने र हटाउने (Limit and Repeal) शिर्षक अन्तर्गतको दफाहरुले सार्वजनिक स्वास्थ्य लगायतखास खास परिस्थितिमा मानवअधिकारलाई सीमित गर्नुपर्ने आवश्यकतालाई स्वीकार गरेको पाइन्छ। R Detels, J McEwen, R Beaglehole,H Tanka , Oxford Textbook of Public Health,4th Edition, Oxford UniversityPress,2002. https://www.academia.edu/79768217/Oxford_textbook_of_public_health_4th_edn_Edited_by_R_Detels_J_McEwen_R_Beaglehole_H_Tanaka_Oxford_University_Press_2002_Pp_1956_596_euros_ISBN_0_19_263041_5

शवदहनस्थलमा आफ्नो धार्मिक/साँस्कृतिक आस्था र प्रचलन अनुरुप शवदहन सम्बन्धी अन्त्येष्टि क्रिया गर्न पाउने सम्बन्धित समुदायको अधिकार रहेको अवस्था छ भने अर्कोतर्फ शवदहनस्थलसँगै घर आँगन जोडिएको टोल बस्तीका बासिन्दाहरुले प्रदुषण र कोलाहलमुक्त वातावरणमा जीवनयापन गर्न पाउने हकको प्रश्न रहेको देखिन्छ। बिहान दिउँसो वा रातसाँझ कुनै पनि बेला टोल बस्तीको बीचको/ आफ्नै घर अगाडिको शवदहनस्थलमा हुने शवदहन दृश्यबाट उत्पन्न मनोसामाजिक त्रासदि सामान्य मानिसले परिकल्पना र सहन गर्न सक्ने क्षमताभन्दा बाहिरको विषय हो भन्ने यस इजलासले सहज अनुमान गरेको छ। त्यस्तो अकल्पनीय असहज वातावरणबाट मुक्त भै सामान्य र स्वभाविक रुपमा जिउन पाउने स्थानीयवासीको हकको प्रत्याभूति हुनुपर्ने अवस्था पनि त्यतिकै टडकारो देखिन्छ।

३०.यस प्रकार, निवेदकहरुले रिट निवेदनमा उठाएको हकको प्रश्न र शवदहन स्थलमा लाश सतगद् गर्न पाउने सम्बन्धित समुदायको हकमा अन्तरविरोध पैदा भएको देखिएको यस स्थितिमा यस अदालतले नेपालको संविधानले अवलम्बन गरेको विहङ्गम संवैधानिक मूल्यमान्यता (Constitutional value) को परिदृश्य भित्र रही अन्तरनिहित परस्पर बाझिएका स्वार्थ (Competing interest) तथा मूल्य मान्यता (Values) को समन्वयात्मक र सन्तुलित व्याख्या गर्नुपर्ने हुन आउँछ[२४]। वस्तुतः निवेदनदावीको स्थलमा शवदहनसम्बन्धी धार्मिक साँस्कृतिक अभ्यासलाई निरन्तरता दिंदा स्थानीय बासीको स्वास्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा निरन्तर असर पर्न जाने अवस्था देखिन आउँछ। **संविधानले नै सार्वजनिक स्वास्थ्य, नैतिकता र शिष्टाचारमा प्रतिकूल प्रभाव पार्ने धार्मिक सामाजिक कृत्यलाई राज्यले सीमा बन्देज लगाउन सक्ने प्रावधान राखेको र उक्त मान्यतालाई अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनले समेत स्वीकार गरेको सन्दर्भमा धार्मिक सामाजिक साँस्कृतिक हकको अभ्यास गर्दा सार्वजनिक स्वास्थ्य र शिष्टाचारमा प्रतिकूल प्रभाव नपर्ने गरी गर्नुपर्ने स्पष्ट हुन आउँछ। आफ्नो हक अधिकारको प्रयोग अन्य व्यक्ति वा समुदायको हक अधिकारमा प्रतिकूल असर नपर्ने गरी गर्नु मानवअधिकार विधिशास्त्रको स्वीकार्य मान्यता पनि हो। संविधानमा उल्लेख भएका प्रयोजनका लागि राज्यले मौलिक हकहरुलाई सिमित गर्न कानून बनाउनु आवश्यक देखिन्छ तथापि उक्त व्यवस्थाले धार्मिक साँस्कृतिक हकको अभ्यास सम्बन्धी स्वतन्त्रता निरपेक्ष र सीमाविहिन हुँदैनन् भन्ने मान्यतालाई भने स्थापित गराएको अवस्था छ।**

३१.धार्मिक, सामाजिक तथा साँस्कृतिक विविधता र विविधता बीचको सहिष्णुता नेपाली समाजको एक मौलिक विशेषता हो। एक जाति वा समुदायको जन्म मृत्यु आदि धार्मिक, सामाजिक संस्कार अर्को जाति वा सम्प्रदायसँग सोही रुपमा नमिलेतापनि अर्को जातजाति समुदाय वा

---

[२४] हेर्नुहोस् Doctrine of Balancing Interpretation: TA Alleinikoff, Constitutional Law in the Age of Balancing) 96 Yale law Journal 942, 1987.

सम्प्रदायको धार्मिक सामाजिक अभ्यास वा रितिस्थितिप्रति व्यक्त गरिने मर्यादा, सदभाव, सम्मान नेपाली समाजको सुन्दर पक्ष हो। अन्त्यष्टि र मृत्युसंस्कार जस्ता मानवीय संवेदनासँग जोडिएका सांस्कृतिक अभ्यासमा प्रायःसबै व्यक्ति र समुदायहरु संवेदनशील हुने भएकाले यससङ्ग सम्बन्धित हक अधिकारको संरक्षणमा राज्य विशेष संवेदनशिल हुन आवश्यक हुन्छ। व्यक्ति वा समुदायका संविधानप्रदत्त हक अधिकार वा स्वतन्त्रताको संरक्षण गर्दा कुनै व्यक्ति वा समुदायको परम्परादेखि चलि आएको धार्मिक साँस्कृतिक प्रचलन,अभ्यास वा रितिस्थितिलाई पनि प्रतिकूल असर पर्न नदिने र कसैको हक अधिकारको प्रयोग गर्दा अन्य व्यक्तिको हक वा सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकता को उल्लंघन समेत हुन नहुने सन्तुलित दृष्टिकोण अवलम्बन गर्नु आवश्यक हुन्छ। मिसिल संलग्न निवेदनदावीको शवदहनस्थलको विभिन्न कोणबाट लिइएका फोटोहरु हेर्दा शवदहनस्थलको चारैतर्फ सो सङ्गै जोडिएका अग्ला ठुला घर रहेका र सो शवदहनस्थल घनाबस्तीयुक्त टोल/बस्तीको बीचैँ भागमा रहेको देखिन आउँछ। सो शवदाह स्थलको नजिकै अस्पताल समेत रहेको भन्ने देखिन आउँछ। अस्पतालको छेउमै शवदहनस्थल रहनु एक सामान्य पर्यवेक्षकको दृष्टिमा पनि बिरामीहरुको स्वास्थ्य र मनोविज्ञानको दृष्टिले जायज छ भनी मान्न सकिदैन। "अस्पताल नजिकै शवदाह गर्दा वातावरणमा प्रतिकूल असर पर्न जाने, तथा अस्पतालमा उपचाररत बिरामीहरुलाई मनोवैज्ञानिक असर पर्ने,लास जलाउँदा उत्पन्न हुने रसायनहरुले यस अस्पतालमा काम गर्ने कर्मचारी लगायत स्थानीय बासिन्दाहरुलाई समेत दीर्घकालिन रुपमा स्वास्थ्यमा समस्याहरु देखिने लगायतका विभिन्न समस्याहरु देखिन सक्ने भएकाले सो कार्य मानव बस्ती र अस्पलातको बीचबाट अन्यत्र स्थानान्तरण गरिदिन हुन" भनी मिसिल संलग्न मिति २०७७।०९।०३ मा ओम अस्पताल तथा रिसर्च सेन्टरले लेखेको पत्रबाट समेत अस्पताल र बस्तीका बीचमा रहेको शवदहनस्थलमा लाश जलाउँदा अस्पतालका बिरामी तथा स्थानीय बासिन्दालाई नकारात्मक असर पर्ने तथ्य देखिन्छ।

३२.जहाँसम्म यी निवेदकहरुले निवेदन दावीको गंगाहिटीमा परापूर्वकालदेखि नै शवदहनस्थल रहेको थाहा हुँदाहुँदै सो नजिक घर घडेरी किनी बसोबास गरेकोमा हाल आएर उक्त शवदहनस्थल निर्माणमा अवरोध गर्न नमिल्ने भन्ने विपक्षीहरुको जिकीर छ त्यसतर्फ विचार गर्दा शवदहनस्थल वरपरको घरजग्गा निवेदकहरुले पछि खरिद गरी लिएको तथ्यलाई ईन्कार गर्न सकिंदैन। घाट वरिपरिको घडेरी जग्गा सस्तो मुल्यमा लिएको हुन सक्ने तर्क एकातर्फ छ भने घाट वरपरको जग्गा घडेरीका रुपमा बिक्री गरी स्थानीय समुदायले लाभ लिएको तर्कलाई पनि नकार्न सकिदैन। वस्तुतः यो स्थिति यी निवेदकहरु र रैथाने स्थानीयहरु बीचको अन्तरविरोध नभई शहरीकरणको क्रममा उत्पन्न एक स्वत.स्फूर्त परिस्थिति हो भन्ने देखिन आउँछ। काठमाडौं उपत्यकामा भएको तीव्र र अव्यवस्थित शहरीकरणका कारण

विगतमा एकान्तस्थलमा भएका घाट आदि शवदहनस्थल समयान्तरमा मानववस्तीका बीचमा पर्न गएको तथ्य स्पष्ट छ। यो क्रम काठमाडौं उपत्यका मात्र नभई विस्तारै अन्य ठूला शहरहरुमा समेत उत्पन्न हुन सक्ने आंकलन गर्न सकिन्छ। यसमा केवल शवदाह स्थल वरपरका निवेदक लगायतका बासिन्दा मात्र जिम्मेवार नभई स्पष्ट भू उपयोग नीतिको अभाव, उचित नियमन बिना अनियन्त्रित रुपमा जग्गा तथा घडेरीहरुको विकास र विक्री वितरण, सो को अभिलेखिकरण(registration) गर्ने तथा भवन निर्माण, इजाजत/ अनुमति दिने निकाय र ढल, धारा, बिजुली आदि सेवा (Utilities) प्रदान गर्ने निकाय आदिको एकिकृत र समन्वयात्मक शहरी विकास योजनाको अभाव समेत उत्तिकै जिम्मेवार देखिन्छ। यही अव्यवस्थित शहरीकरणको परिणामस्वरुप अनपेक्षित रुपमा मानवबस्तीको बीचमा शवदहनस्थल पर्न गएको स्पष्ट छ। तसर्थ, यसबाट उत्पन्न बाधा असुविधा वा प्रतिकुल असरको भागिदार यी निवेदकहरु मात्र हुनुपर्छ भन्नु न्यायोचित हुँदैन। राज्यको अकर्मण्यताको परिणाम नागरिकहरुले निरन्तर कष्ट पाइरहनु वाञ्छनीय हुँदैन। यस्ता प्रकृतिका समस्याहरुको लागि सम्बन्धित समुदाय र स्थानीय तहबाट समेत आवश्यक पहल गरिनुपर्ने हुन्छ। यद्यपि हामीले न मृत्युलाई टार्न सक्छौं न कुनै पनि तरीकाले शवको अन्त्येष्टि नगर्ने विकल्प नै हामी सँङ्ग छ। तथापि, राज्य, समुदाय वा व्यक्तिगत तहबाट गर्न सकिने पहल भनेको अन्त्येष्टि संस्कारलाई उचित व्यवस्थापन गरी यसबाट पर्यावरण र मानव स्वास्थ्यमा हुनसक्ने प्रतिकूल प्रभावलाई अधिकतर न्यूनिकरण गर्नु हो। यस सन्दर्भमा सनातनदेखि चलिआएको धार्मिक साँस्कृतिक आस्था र अभ्यासलाई समेत मर्यादा राख्दै मानव बस्तीबाट मनासिव दुरीमा सम्भव भएसम्म एकान्तस्थलमा मात्र शवदहनस्थल वा घाट बनाउने, जतिसक्दो कम इन्धनको खपत हुने वा कम प्रदुषणयुक्त धुवाँ उत्सर्जन हुने गरी शवदहन गृह/यन्त्रहरु राख्ने वा परम्परागत रुपमा गरिँदै आएको शवदाहको विकल्पमा अन्य वातावरणमैत्री वैकल्पिक विधि (Green Cremation[२५]) अवलम्बन गर्ने गरी राज्य वा सम्बन्धित समुदायले विवेकपूर्ण निर्णय लिनुपर्ने आवश्यकता देखिन्छ।

३३. जहाँसम्म शवदहनस्थललाई अर्को ठाउँमा सार्दा वा हटाउँदा सम्बन्धित समुदायको धार्मिक स्वतन्त्रतामा हस्तक्षेप हुन जाने हो कि? भन्ने प्रश्न छ सो सम्बन्धमा मूलतः औचित्यका आधारमा विचार गर्नुपर्ने हुन्छ। **कुनै व्यक्ति वा समुदायले परम्परागत रुपमा गर्दै आएको सांस्कृतिक अभ्यासबाट अन्य व्यक्ति वा समुदायका हक अधिकारमा असर पर्न जाने देखिएको अवस्थामा राज्यले सार्वजनिक स्वास्थ्य र नैतिकता जस्ता आधारमा ती अधिकारको प्रयोगमा मनासिव व्यवस्थापन गर्न सक्ने विषयमा** माथि नै चर्चा भैसकेको छ। बाक्लो मानवस्तीका

---

[२५] "Green cremation is a gentle, eco-friendly alternative to flame-based cremation. Just like with traditional cremation, the body is reduced to ashes, which are then returned to the family. However, no flames are used during the Green Cremation process, making it the more natural choice." हेर्नुहोस् https://www.greencremation.com/

बीचमा शवदहन स्थल पर्न गएको अवस्थामा उक्त स्थलका सम्बन्धमा वैकल्पिक व्यवस्था गर्नुलाई अन्यथा मान्न सकिँदैन। यस सन्दर्भमा छिमेकी मुलुक भारतको सर्वोच्च अदालत तथा दिल्ली उच्च अदालतले शवदहनस्थल स्थानान्तरण गर्न आदेश दिएका मुद्दाहरुको प्रसङ्ग उल्लेख गर्नु सान्दर्भिक देखिन आएको छ। भारतीय सर्वोच्च अदालतले *Shakur Basti Shamshan Bhumi Sudhar Samiti (Regd.)Vs. The Lt. Governor, CT of Delhi* को मुद्दामा[२६] The Delhi Development Authority (DDA) ले दिल्लीको साकुरवस्ती भन्ने स्थानमा रहेको मानव बस्ती बिचमा रहेको शवदहनस्थल सो बाट हटाउने गरी भएका निर्णयका विरुद्ध सम्बन्धित समुदायले यसबाट समुदायको धार्मिक साँस्कृतिक स्वतन्त्रताको हकमा असर परेको भनी दायर गरेको रिट निवेदनमा शवदहनस्थलको अन्यत्र स्थानान्तरणले व्यक्तिको धर्म सम्बन्धी अधिकार हनन् हुन पुग्छ भन्न नमिल्ने भएकाले सम्बन्धित अधिकारीले शवदहनस्थल सार्ने आदेश जारी गर्न सक्ने भनी रिट निवेदन खारेज गरेको पाइन्छ[२७]। यसैगरी भारतको सर्वोच्च अदालतले उत्तर प्रदेश राज्यको आग्रा शहरमा अवस्थित विश्व सम्पदा सूचीमा सूचीकृत ताज महललाई प्रदूषणबाट हुने क्षतिबाट जोगाउनका लागि भन्दै उत्तर प्रदेश राज्य सरकारलाई ताजमहल नजिकै रहेको शवदाह गृहलाई स्थानान्तरण गर्न आदेश दिएको सन्दर्भ प्रस्तुत मुद्दाको हकमा प्रासङ्गिक देखिन आएको छ[२८]।

३४. यसप्रकार नेपालको संवैधानिक तथा कानूनी व्यवस्था, अन्तराष्ट्रिय कानून तथा तुलनात्मक विधिशास्त्रका विकसित मान्यता समेतका आधारमा कुनै पनि समुदायले परम्परादेखि अभ्यास गर्दै आएको शवदहनस्थल अव्यवस्थित शहरीकरणको परिणाम स्वरुप मानव बस्ती बीचमा पर्न गएको अवस्थामा त्यसबाट उत्सर्जित धुवाँ, दुर्गन्ध तथा अन्य समवेदनाजन्य चित्कारबाट वातावरण तथा मानव स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न त्यस्तो शवदाह स्थललाई मानव बस्तीभन्दा अलग कुनै उपयुक्त स्थानमा स्थानान्तरण वा व्यवस्थापन गर्न नसकिने भन्ने देखिन आएन। यसबाट सम्बन्धित समुदायको धार्मिक स्वतन्त्रता वा साँस्कृतिक अभ्यासमा बाधा पुर्याएको भनी मान्न मिल्ने देखिएन। यस स्थितिमा निवेदन दावी बमोजिम गंगाहिटीमा रहेको शवदहनस्थल मा शवदाह कार्य रोकी उक्त शवदाह स्थल मानव बस्ती भन्दा अलग कुनै उपयुक्त स्थानमा स्थानान्तरण गर्न आवश्यक र उपयुक्त देखियो।

३५. अब **तेस्रो प्रश्न अर्थात निवेदन माग बमोजिम आदेश जारी गर्नुपर्ने अवस्था हो वा हैन ?** भन्ने सम्बन्धमा विचार गर्दा, निवेदकहरुले रिट निवेदनमा मिति २०७६।११।२० मा भएको

---

[२६] Supreme Court Of India in Appeal (civil) 5793 of 2007

[२७] "Decision to shift cremation ground does not amount to violation of fundamental right to religion specially when it is not as if no cremation ground is available to the petitioner to cremate their dead according to religious rites." विस्तृतका लागि हेर्नुहोस् Balwan Singh vs. settlement Officer, MANU/DE/4070/2013.

[२८] हेर्नुहोस् M.C. Mehta vs. Union Of India & Ors, Judgement date: 30/12/1996

बोलपत्र बमोजिमको ठेक्का सम्झौता बदर गर्न माग गरेको भएतापनि यस अदालतबाट तत्काल अन्तरिम आदेश जारी नभएका कारण मिति २०७६।११।०८ मा आव्हान गरिएको बोलपत्र बमोजिमको निर्माण कार्य नै सम्पन्न भैसकेको भन्ने मिसिल संलग्न फोटोहरु समेतबाट देखिइरहेको स्थितिमा निर्माण कार्य सम्पन्न भैसकेको ठेक्का सम्झौता बदर गर्नुको कुनै औचित्य नदेखिंदा सो तर्फ विचार गरिरहन परेन। तर प्रस्तुत रिट निवेदनमा दावी गरिएको शवदहनस्थल घनावस्तीको बीचमा परेको, शवदहनस्थलसँगै व्यक्तिको आवासीय घर भवनहरु रहेका र सो नजिकै अस्पतालसमेत रहे भएको देखिएको एवम् उक्त शवदहनस्थलमा शवदहन गर्ने विषयमा पटक पटक विवाद भएको समेतका सन्दर्भमा बाक्लो शहरी बस्तीका बीच हुने गरेको शवदहनको कार्यबाट निवेदकहरु लगायत स्थानीय बासिन्दाहरुलाई परेको स्वास्थ्य सम्बन्धी गम्भीर प्रतिकुलता र मनोसामाजिक तथा पर्यावरणीय असर समेतलाई मध्यनजर गर्दा सो स्थानमा शवदहन कार्यलाई निरन्तरता दिनु न्यायोचित र विवेकसम्मत नहुने भएकाले सो स्थानमा अब उप्रान्त शवदहनको कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाउँमा प्रतिषेधको आदेश जारी गरिदिएको छ। साथै नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार खुला क्षेत्र, चोक,घाट आदि धार्मिक, सांस्कृतिक महत्वका सार्वजनिक तथा सामुदायिक स्थल/ भवन लगायत सार्वजनिक र स्थानिय स्तरमा पर्यावरण संरक्षणको दायित्व स्थानीय सरकारलाई सुम्पिएको देखिँदा उक्त दायित्वको प्रभावकारी परिपालनाका सम्बन्धमा विपक्षीहरुका नाउँमा देहायका विषयमा निर्देशनात्मक आदेशसमेत जारी हुने ठहर्छ:-

- माथि उल्लिखित शवदहन स्थलमा लाश जलाउने कार्य गर्न उपयुक्त नदेखिएकाले सो देखि बाहेकको स्थानमा प्रत्यर्थी मध्येका काठमाडौं महानगरपालिका ७ नं. वडा समितिले सम्बन्धित सरोकारवालाहरु समेतको सहभागिता र सहमतिमा अन्य प्रत्यर्थीहरुसँगसमेत आवश्यक समन्वय र सहकार्य गरी शवदहनका लागि उपयुक्त स्थलको पहिचान गरी सम्बन्धित समुदायलाई उपलब्ध गराउने।
- काठमाडौं महानगरपालिका वडा नं. ७ स्थित गंगाहिटीमा रहेको उल्लिखित शवदहनस्थल तथा शवदाहगृहसँग भावनात्मक रुपले जोडिएका सम्बन्धित समुदायको आस्था र भावनाको कदरका लागि काठमाडौं महानगरपालिका ७ नं. वडा समितिले सम्बन्धित समुदाय वा सरोकारवालाहरुसँग आवश्यक समन्वय गरी सो स्थानको समुचित संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउने।
- प्रत्यर्थी मध्येका काठमाडौं महानगरपालिकाले दाह संस्कार कार्यलाई वातावरणमैत्री बनाउनका लागि नेपाल सरकारसँग समेत आवश्यक समन्वय गरी नगर क्षेत्रमा रहेका परम्परागत शवदहन स्थलहरुको संख्या र अवस्थाका बारे विस्तृत अध्ययन अनुसन्धान

गरी काठ, दाउरा वा इन्धन खपत कमी हुने वा कम प्रदुषणयुक्त धुँवा उत्सर्जन हुने प्रविधियुक्त शवदाह गृह स्थापना गर्ने सम्बन्धमा सम्बन्धित समुदाय र सरोकारवालाहरुसँग आवश्यक छलफल र समन्वय गरी उपयुक्त निर्णय गरी कार्यान्वयन गर्ने गराउने।

३७. प्रस्तुत आदेशको जानकारी फैसलाको प्रमाणित प्रतिलिपि साथ सबै विपक्षीहरुलाई दिनू। मिसिल नियमानुसार बुझाई दिनू।

न्यायाधीश
(नहकुल सुवेदी)

उक्त रायमा म सहमत छु।

न्यायाधीश
(प्रकाशमान सिंह राउत)

इजलास अधिकृतः कुमार खतिवडा
अनुसन्धान अधिकृतः उपरजिष्ट्रार शिव वाग्ले,
शाखा अधिकृत पुजा सुवेदी / सदिक्षा नेपाल
इति संवत् २०७९ साल जेष्ठ ०३ गते रोज ३ शुभम् ...........................................।